**संघीय संसद**

**राज्य व्यवस्था तथा सुशासन समिति**

**निर्वाचन आयोगको वार्षिक प्रतिवेदन अध्ययन उपसमिति**

मितिः 2077/04/26 गते सोमबार, विहान 11:30 बजे

सभाकक्षः राज्य व्यवस्था तथा सुशासन समितिको कार्यकक्ष, सिंहदरवार काठमाडौं

**उपसमितिका रहनुभएका माननीय सदस्यहरु**

मा. श्री यशोदा गुरुङ सुवेदी - संयोजक

मा. श्री छक्क बहादुर लामा

मा. श्री तिर्था गौतम

मा. श्री देवेन्द्र राज कंडेल

मा. श्री प्रेम सुवाल

राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गत निर्वाचन आयोगको वार्षिक प्रतिवेदन सम्बन्धी अध्ययन उप-समितिको बैठकमा मेरो निम्न टिप्पणी प्रस्तुत गर्दछु :-

१.निर्वाचन आयोगले अर्को दुई वर्षमा हुने विभिन्न तहहरुको निर्वाचनलाई मध्यनजर राख्दै हाल कायम रहेको राजनीतिक दलसम्बन्धी ऐन, २०७३ निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, स्थानीय तह निर्वाचन ऐन, २०७३ लगायतका ऐन कानुनको परिमार्जन गर्ने प्रक्रिया शुरु गर्ने बेला भइसकेको छ । गतः निर्वाचनको अनुभवहरुको आधारमा त्यस्तो परिमार्जन आवश्यक छ ।

२. संविधानको धारा ५६ (५) ले संघीय कानुन बमोजिम सामाजिक, सांस्कृतिक, संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित र स्वायत्त क्षेत्र कायम गर्न सकिने भन्ने उल्लेख गरेको, यस सम्बन्धमा स्थानीय सरकार संचालन ऐनले केही प्रावधानहरु उल्लेख गरेको भए तापनि संविधानको उद्देश्य बमोजिम कुनै ऐन आइनसकेको, उक्त कारणले गर्दा विशेष, संरक्षित र स्वायत्त क्षेत्र कायम नभएको तथा निर्वाचन पनि हुन नसकेको अहिलेको अवस्था हो । निर्वाचन आयोगले यस सम्बन्धी ऐनका लागि प्रक्रिया अगाडि बढाउनु तथा सरकारलाई घचघच्याउनु जरुरी छ ।

३. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले संविधानको धारा २६९ (४) (ग) अनुसार राजनीतिक दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्व गराउनु पर्ने व्यवस्थालाई उचित रुपमा सबोधन गर्नुपर्दछ । संविधानको प्रावधान बमोजिम यस्तो हुनसकेको छैन ।

४. राजनीतिक दल सम्बन्धी ऐनको दफा ४० को पुर्नलेखन गर्नु जरुरी छ । दलको लेखा राखेर मात्र पुग्दैन । कुनै दललाई चन्दा दिने व्यक्ति वा संस्थाले चन्दा दिएको रकममा करकट्टीको व्यवस्था हुनुका साथै त्यस्तो व्यक्ति वा संस्था तथा सम्बन्धित राजनीतिक दलका conflict of interest छ भने त्यो समेत उल्लेख गर्ने व्यवस्था हुनुपर्दछ । यस्ता विवरणहरु अनिबार्य रुपमा सम्बन्धित राजनीतिक दलको विद्युत्तीय अभिलेखमा राख्ने व्यवस्था हुनुपर्दछ ।

उपरोक्त विषयहरु मा निर्वाचन आयोगले पहल गर्दा निर्वाचनको ऐन कानुनको सुधारका लागि आवश्यक वातावरण बन्न सक्दछ । यसबाट स्वच्छ, निस्पक्ष निर्वाचनलाई सहयोग पुग्नेछ ।

धन्यवाद ।

डा. विपिन अधिकारी